## राहदानी निर्देशिका, २०६७

राहदानी नियमावली, २०६७ को नियम २५ ले दिएको अधिकार प्रयोग गरी परराष्ट्र मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम "राहदानी निर्देशिका, २०६७" रहेको छ ।

(२) यो निर्देशिका परराष्ट्र मन्त्रालयले निर्णय गरी तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(१) "कार्यालय" भन्नाले केन्द्रीय राहदानी कार्यालय सम्झनु पर्छ ।

(२) "मन्त्रालय" भन्नाले परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

(३) "नियमावली" भन्नाले राहदानी नियमावली, २०६७ सम्झनु पर्छ ।

(४) "नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, वाणिज्यदूतावास, स्थायी नियोग वा विशेष नियोग सम्झनु पर्छ ।

३. **साधारण राहदानीको लागि निवेदनः**

(१) नेपाली नागरिकले साधारण राहदानी पाउनका लागि कार्यालय वा सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा विदेशस्थित नियोगहरुमा निवेदन दिन सक्नेछन् । राहदानीका लागि नियमावलीको अनुसूची २ क वा २ ख मध्ये कुनै एक फाराम दुई प्रति भरी निवेदन दिनुपर्नेछ ।

(२) **राहदानीका लागि निवेदन दिँदा देहायबमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ :**

क) रीतपूर्वक भरिएको दरखास्त फाराम २ प्रति,

ख) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र सोको एक प्रति प्रतिलिपि,

ग) ६ महिनाभित्र खिचेको नियमावलीको अनुसूची ३ मा उल्लिखित विवरणअनुसारको रङ्गीन फोटो ४ प्रति,

घ) राहदानी दस्तूर तिरेको रसिद,

ङ) नाबालिगको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको नाबालिग परिचय पत्र र निजको बाबु वा आमामध्ये कुनै एक जनाको नागरिकताको प्रमाण पत्र र सोको प्रतिलिपि । संरक्षक नियुक्त भएकोमा संरक्षक भएको ब्यहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षकको नागरिकताको प्रमाणपत्र तथा त्यसको प्रतिलिपि ।

(३) **पूरानो राहदानीको सट्टा नयाँ राहदानी लिने सम्बन्धीः** पूरानो राहदानीको म्याद समाप्त भएको वा राहदानीका सबै पानाहरु भरिन गई दरपीठ गर्नका लागि पाना बाँकी नभएमा राहदानी वहाल रहने अवधि बाँकी भए तापनि नयाँ राहदानीका लागि निवेदन दिन सकिनेछ । त्यसरी नयाँ राहदानी लिनु पर्दा माथि दफा ३ मा उल्लेख भएका कागजपत्रको अतिरिक्त पूरानो राहदानीको सक्कलै प्रति र एक प्रति प्रतिलिपि संलग्न गर्नुपर्नेछ । यसरी राहदानी जारी गर्दा निवेदकको पूरानो राहदानी रद्द गरी नयाँ राहदानी जारी गर्न सकिनेछ ।

(४) राहदानी च्यातिई, झुत्रो भइ, केरमेट भइ, जलेर वा भिजेर प्रयोग गर्न नसकिने भएको कारणले नयाँ राहदानी लिनुपरेमा त्यस्तो राहदानी जे जुन अवस्थामा छ सोही अवस्थामा सक्कलै पेश गर्नुपर्नेछ ।

४. **राहदानी हराएमाः**

(१) राहदानी हराएको कारणले नयाँ राहदानी लिनुपर्दा दफा ३ मा उल्लिखित कागजातको अतिरिक्त निम्नबमोजिमका कागजात समेत संलग्न गर्नुपर्नेछ :

(क) राहदानी हराएको पुष्टि हुनेगरी स्थानीय प्रहरी कार्यालयले दिएको प्रतिवेदन,

(ख) हराएको राहदानी खोजतलासका लागि राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना,

(२) राहदानी हराएको कारण नयाँ राहदानी जारी गर्नु पूर्व हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सोको सूचना नेपाल प्रहरी, नेपालस्थित इन्टरपोलको कार्यालय, अध्यागमन कार्यालय तथा नेपालस्थित विदेशी नियोगलाई दिएपछि मात्र नयाँ राहदानी जारी गर्न सकिनेछ ।

(३) राहदानी हराएको अवस्थामा राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७ दिन पछि मात्र नयाँ राहदानीको लागि निवेदन दिन सकिनेछ । तर विदेशमा राहदानी हराई नियोग समक्ष नयाँ राहदानीका लागि निवेदन दिंदा यस दफाबमोजिम राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने छैन ।

५. **राहदानी जारी गर्न इन्कार गर्न सकिने अवस्थाः-**

(१) सम्बन्धित निकायबाट लेखिआएमा देहायका व्यक्तिलाई कार्यालयले राहदानी जारी गर्न इन्कार गर्न सक्नेछ :-

(क) राहदानी तथा अध्यागमन सम्बन्धी कसूरमा कानूनबमोजिम मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगी रहेको ,

(ख) बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानूनबमोजिम कालोसूचीमा परेको,

(ग) भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणको अभियोगमा मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भइ सजाय भोगि रहेको,

(घ) मानव बेचबिखन वा अपहरण वा लागू औषधिको कारोवार सम्बन्धी कसूरमा मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेको,

(ङ) अदालतबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न आदेश भएको,

(च) कानूनबमोजिम राहदानी रोक्का राख्ने वा जारी नगर्ने व्यवस्था भएको ।

(२) कार्यालयले माथि उल्लेख भएबमोजिम राहदानी जारी गर्न इन्कार गरेमा सोको सूचना सम्बन्धित निवेदकलाई तीन दिन भित्र दिनुपर्नेछ ।

(३) दफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिमका कसूरमा अदालतबाट सफाई पाएमा वा कानून बमोजिमको सजाय भुक्तान भइ सकेपछि त्यस्ता नेपाली नागरिकलाई राहदानी जारी गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(४) दफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिमको अवस्था विद्यमान छैन भनी सम्बन्धित निकायबाट लेखी आएमा त्यस्ता नेपाली नागरिकलाई राहदानी जारी गर्न बाधा पर्नेछैन ।

६. **कागजात छानविन सम्बन्धीः**

(१) निवेदन साथ पेश भएका नेपाली नागरिकताको प्रमाणपत्र/नाता प्रमाणित कागजपत्र/विवाह दर्ता प्रमाणपत्र/नावालिग प्रमाणपत्र वा अन्य कुनै प्रमाण वा कागजातको सत्यताबारे राहदानी जारी गर्ने अधिकृतलाई शंका लागेमा सम्बन्धित कार्यालयमार्फत् त्यसको सत्यताबारे छानबिन गराउन सक्नेछ ।

(२) निवेदन साथ प्रतिलिपि नागरिकताको प्रमाणपत्र पेश गरिएको अवस्थामा आवश्यक देखिएमा सम्बन्धित निकायबाट त्यस्तो नागरिकताको प्रमाणपत्रको आधिकारिकता प्रमाणित भई आएपछि मात्र राहदानी जारी गरिनेछ ।

(३) निवेदकले पेश गरेको पूरानो राहदानीमा अनधिकृत तरीकाले फेरबदल गरेको वा अन्य कारणबाट राहदानी जारी गर्ने अधिकृतलाई सो राहदानीको सत्यताबारे शंका लागेमा त्यस्तो राहदानी जारी गर्ने निकायबाट सत्यता प्रमाणित भई आएपछि मात्र नयाँ राहदानी जारी गरिनेछ ।

(४) आवश्यक देखिएमा कार्यालयले राहदानी निवेदकको बारेमा प्रहरी प्रतिवेदन लिन सक्नेछ ।

७. **राहदानी दस्तूर सम्बन्धीः** साधारण राहदानीको लागि देहायबमोजिमको दस्तूर बुझाउनुपर्नेछ :

(१) नेपालमा राहदानीको लागि निवेदन दिंदा प्रति राहदानी पाँच हजार रूपैयाँ,

(२) उत्तर र दक्षिण अमेरिकी देशहरु, अष्ट्रेलिया, न्यूजिल्याण्ड, जापान, दक्षिण कोरिया, इजरायल र हङ्गकङ्गस्थित नियोगहरुमा निवेदन दिँदा प्रति राहदानी अमेरिकी डलर १५० (एक सय पचास) वा सो बराबरको स्थानीय मुद्रा,

(३) युरोपेली राष्ट्रहरुस्थित नियोगहरुमा निवेदन दिँदा प्रति राहदानी युरो १२० (एक सय बीस) वा सो बराबरको स्थानीय मुद्रा,

(४) अन्य एसियन, अफ्रिकन र बाँकी सबै देशहरुस्थित नियोगहरुमा निवेदन दिँदा प्रति राहदानी अमेरिकी डलर ८० (असी) वा सो बराबरको स्थानीय मुद्रा,

(५) विशेष परिस्थिति परेकोमा बाहेक पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानीमा क्षति पुऱ्याएको वा हराएको कारणले नयाँ राहदानी जारी गर्नुपर्दा त्यस्तो राहदानी बापत दोब्बर दस्तूर लाग्नेछ,

(६) द्रुत सेवा मार्फत राहदानी जारी गर्नुपर्दा दोब्बर दस्तूर लाग्नेछ ।

८. **साधारण राहदानी निःशुल्क जारी गर्ने सम्बन्धीः**

(१) नेपाल सरकारका राजपत्रांकित अधिकृत बाहेक छात्रवृत्तिमा अध्ययन गर्न वा अध्ययन भ्रमण वा तालिमका सिलसिलामा विदेश जाने अन्य कर्मचारीलाई बिना दस्तूर साधारण राहदानी जारी गर्न सकिनेछ ।

(२) संयुक्त राष्ट्र संघ शान्ति सेनामा खटिइ जाने नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीका जवानको लागि सम्बन्धित निकायबाट अनुरोध भइ आएमा बिना दस्तूर साधारण राहदानी जारी गर्न सकिनेछ ।

९. **द्रुत सेवा सम्बन्धीः**

(१) निवेदकले उचित कारण उल्लेख गरी द्रुत सेवा मार्फत राहदानी पाउन सो को पुष्ट्याइँ हुने कागजपत्र समेत राखी दोब्बर दस्तूर तिरी निवेदन दिएमा कार्यालयले ७ कार्यदिन भित्र द्रुत सेवा मार्फत साधारण राहदानी जारी गर्न सक्नेछ ।

(२) निवेदकले पेश गरेको कागजपत्रका आधारमा द्रुत सेवा मार्फत राहदानी जारी गर्न सकिने वा नसकिने सम्बन्धित राहदानी अधिकृतले यकिन गर्नेछ ।

(३) खण्ड (१) बमोजिमको निवेदन साथ पेश गरेको कागजपत्रको आधिकारिकता सम्बन्धित निकायबाट छानबिन गराउँदा अन्यथा प्रमाणित भएमा वा छानबिन गर्न ३ दिन भन्दा बढी समय लाग्ने अवस्थामा निवेदकलाई द्रुत सेवा मार्फत राहदानी जारी गर्न सकिनेछैन ।

(४) द्रुत सेवा मार्फत राहदानी प्राप्त गर्न पेश भएका निवेदनहरुको छुट्टै लगत राखी राहदानी जारी गरिनेछ ।

(५) द्रुत सेवा मार्फत राहदानी पाउनका लागि कार्यालयमा मात्र निवेदन दिन सकिनेछ ।

१०. **राहदानी नवीकरण र जारी सम्बन्धीः**

(१) साधारण राहदानी बहाल रहने अवधि पूरा भएपछि नवीकरण हुनेछैन । म्याद समाप्त भएपछि बाहकले आवश्यक प्रकृया पूरा गरी नयाँ राहदानी लिनुपर्नेछ ।

(२) सामान्यतया ६ महिना भन्दा बढी म्याद भएका राहदानीको सट्टा नयाँ राहदानी जारी गरिने छैन । तर रोजगारी गुम्ने, अन्य देशको कानून अनुसार भिसा वा रेसिडेन्ट परमिटको लागि ६ महिना भन्दा बढी राहदानीको म्याद चाहिने वा अन्य कुनै कारणले राहदानीको म्याद ६ महिना भन्दा बढी चाहिने प्रमाणसहित आएमा ६ महिना भन्दा बढी राहदानीको म्याद बाँकी भए तापनि नयाँ राहदानी जारी गर्न सकिनेछ ।

११. **विशेष राहदानी सम्बन्धीः**

(१) नेपाल सरकारबाट मनोनयन भइ सरकारी काम वा अध्ययन वा अध्ययन भ्रमण वा तालिमको सिलसिलामा विदेश भ्रमणमा जाने देहायका पदाधिकारीलाई सम्बन्धित संबैधानिक निकाय वा मन्त्रालयबाट लेखी आएमा कार्यालयले विना दस्तूर विशेष राहदानी जारी गर्नेछः-

- (क) कूटनीतिक राहदानी पाउने पदाधिकारी बाहेकका निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, संसद सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विशेष सेवाका अधिकृत,
- (ख) जिल्ला अदालतका न्यायाधीश,
- (ग) जिल्ला विकास समितिका सभापति वा उपमहानगरपालिका तथा नगरपालिकाका प्रमुख,
- (घ) नेपाल सरकारद्वारा स्थापित विश्वविद्यालयका उपकूलपति, नेपाल प्रज्ञा प्रतिष्ठान तथा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकूलपति, र

(ङ) नेपाल सरकारको निर्णयद्वारा कुनै खास प्रयोजनको लागि विशेष राहदानी दिने गरी तोकिएका व्यक्ति ।

(२) विशेष राहदानीको लागि निवेदन दिने पदाधिकारीले देहायबमोजिमका कागजपत्र पेश गर्नुपर्नेछः
(क) रीतपूर्वक भरिएको राहदानी दरखास्त फाराम २ प्रति,
(ख) ६ महिना भित्र खिचेको नियमावलीको अनुसूची ३ मा उल्लिखित विवरण अनुसारको रङ्गीन फोटो ४ प्रति,
(ग) आफू कार्यरत मन्त्रालय वा संवैधानिक निकाय मार्फत कार्यालयमा नमूना हस्ताक्षर पठाइएका अधिकृतबाट राहदानी तथा प्रवेशाज्ञाका लागि लेखिने पत्र र सोको साथमा निजले प्रमाणित गरेको मनोनयन सम्बन्धी निर्णयको प्रतिलिपि,
(घ) मन्त्रिपरिषदबाट निर्णय हुनुपर्ने पदाधिकारीका हकमा मन्त्रिपरिषदको निर्णयको प्रमाणित प्रतिलिपि ।

(३) उपदफा (२) बमोजिमको पत्रमा सहभागी हुन जाने कार्यक्रम, अवधि, भ्रमण गर्ने देश र बाटोमा पर्ने कुनै देश भए सो को नाम, उम्मेदवारको अवकाश हुने मिति समेत उल्लेख गरी पठाउनु पर्नेछ । पत्रमा उल्लिखित विदेश जाने पदाधिकारीको पूरा नाम, थर सम्बन्धित निकायबाट भएको मनोनयन सम्बन्धी निर्णयमा उल्लेखित पूरा नाम, थरसँग हुबहु मिल्नु पर्नेछ ।

(४) विदेश जाने कार्यक्रम सम्बन्धी विवरणमा कार्यक्रमको नाम, आयोजक र कार्यक्रम हुने मिति तथा कार्यक्रम स्थल, आदिका विषयमा स्पष्ट रुपमा पत्र तथा मनोनयन सम्बन्धी निर्णयमा खुलाईएको हुनुपर्नेछ । विदेशी निमन्त्रणामा जानेका हकमा उक्त कार्यक्रमको निमन्त्रणा र स्वीकृति पत्र (Confirmation Letter) समेत संलग्न हुनुपर्नेछ ।

(५) सम्बन्धित पदाधिकारी वा व्यक्तिले यस पहिले विशेष राहदानी लिईसकेको भए सो समेत स्पष्ट रुपमा खुलाई उक्त राहदानी नवीकरण वा रद्द गर्नका लागि अनिवार्यरुपमा सक्कलै राहदानी पेश गर्नुपर्नेछ ।

१२. **विशेष राहदानीको अवधिः** वाहकको सेवाअवधि समेतलाई ध्यानमा राखी बढीमा १० वर्ष सम्म वहाल रहनेगरी विशेष राहदानी जारी गर्न सकिनेछ ।

१३. **कूटनीतिक राहदानी सम्बन्धीः**
(१) सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने देहायका पदाधिकारीलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालयबाट लेखी आएमा कार्यालयले विना दस्तूर कूटनीतिक राहदानी जारी गर्नेछ :-
(क) राष्ट्रपति,
(ख) उपराष्ट्रपति,
(ग) प्रधानमन्त्री,
(घ) प्रधान न्यायाधीश,
(ङ) सभामुख,
(च पूर्व राष्ट्र प्रमुख
(छ) उपप्रधानमन्त्री,
(ज) मन्त्री,
(झ) संसदमा विपक्षी दलका नेता,

(ञ) पूर्व उपराष्ट्रपति तथा सरकार प्रमुख,
(ट) संसदका उपसभामुख, राज्यमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष,
(ठ) सर्वोच्च अदालतका न्यायाधीश,
(ड) सहायकमन्त्री, व्यवस्थापिका-संसदका सदस्य, न्याय परिषद्का सदस्य, प्रधान सेनापति, राष्ट्रिय योजना आयोगका सदस्य,
(ढ) संवैधानिक निकायका प्रमुख पदाधिकारी तथा अन्य पदाधिकारीहरु, नेपाल राष्ट्र बैंकका गर्भनर,
(ण) नेपाल सरकारका मुख्य सचिव,
(त) संसदका महासचिव,
(थ) पुनरावेदन अदालतका मुख्य न्यायाधीश,
(द) नेपाल सरकारका सचिव वा निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, संसद सेवाका सचिव वा विशिष्ट श्रेणीका अधिकृत, पुनरावेदन अदालतका न्यायाधीश,
(ध) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विशेष सेवाका विशिष्ट श्रेणीका अधिकृत
(न) महानगरपालिकाका प्रमुख,
(प) नेपाली राजदूत, संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी प्रतिनिधि, नियोग प्रमुख,
(फ) नेपाल परराष्ट्र सेवाका राजपत्रांकित अधिकृत,
(ब) नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबमोजिम राष्ट्रपतिको राजकीय तथा औपचारिक र उपराष्ट्रपतिको औपचारिक विदेश भ्रमणमा संलग्न हुने भ्रमण दलका सदस्य,
(भ) नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबमोजिम प्रधानमन्त्रीको औपचारिक विदेश भ्रमणमा संलग्न हुने भ्रमणदलका सदस्य,
(म) नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबमोजिम संयुक्त राष्ट्रसंघको साधारण सभा, विशेष सभा र सो संघको अन्य विशिष्टीकृत निकायको साधारण सभा, एसियाली विकास बैंकको साधारण सभा, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को शिखर सम्मेलन तथा मन्त्रिस्तरीय बैठक लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय शिखर सम्मेलनमा भाग लिन नेपाल सरकारको प्रतिनिधित्व गरी भ्रमण दलमा जाने सदस्य,
(य) नियोगमा खटिई जाने कर्मचारी र निजका परिवारका सदस्य,

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि “परिवारका सदस्य” भन्नाले “निजसंग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।”

(र) नेपाल सरकारको प्रतिनिधित्व गरी विशेष नियोगमा खटिई जाने व्यक्ति, र
(ल) नेपाल सरकारको निर्णयद्वारा कुनै खास प्रयोजनको लागि कूटनीतिक राहदानी दिने गरी तोकिएको व्यक्ति ।

(२) कूटनीतिक राहदानीको बहाल अवधि त्यस्तो राहदानी वाहकको हाल कार्यरत पदको पदावधि समेतलाई ध्यानमा राखी कार्यालयले तोकेबमोजिम हुनेछ ।

तर खण्ड (न) र (भ) मा उल्लिखित व्यक्तिहरुको हकमा पाँच बर्षसम्म बहाल रहने गरी राहदानी जारी गर्न सकिनेछ ।

(३) सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा कूटनीतिक राहदानी पाउने पदाधिकारीको पति वा पत्नी साथमा जानु पर्ने भएमा निजलाई समेत कूटनीतिक राहदानी जारी गर्न सकिनेछ ।

(४) खण्ड (ब), (भ) र (म) मा उल्लिखित भ्रमण, सभा, सम्मेलन वा बैठकमा सहभागी हुने भ्रमणदलका सदस्य मध्ये नियमावली बमोजिम कूटनीतिक राहदानी पाउने पदाधिकारी बाहेक अन्यले त्यस्तो भ्रमण समाप्त भएको मितिले १५ दिन भित्र कूटनीतिक राहदानी कार्यालयमा फिर्ता गर्नु पर्नेछ । सो समय भित्र फिर्ता नगरेमा कार्यालयले उक्त राहदानी रद्द गर्नेछ ।

(५) कूटनीतिक राहदानीको लागि निवेदन दिने पदाधिकारीले देहायबमोजिमका कागजपत्र पेश गर्नुपर्नेछः

(क) रीतपूर्वक भरिएको राहदानीको निवेदन फाराम २ प्रति,

(ख) ६ महिना भित्र खिचेको नियमावलीको अनुसूची ३ मा उल्लिखित विवरण अनुसारको रङ्गीन फोटो ४ प्रति,

(ग) आफू कार्यरत संवैधानिक निकाय वा मन्त्रालय मार्फत केन्द्रीय राहदानी कार्यालयमा नमूना हस्ताक्षर पठाइएका अधिकृतबाट राहदानी तथा प्रवेशाज्ञाका लागि पत्र र सोको साथमा निजले प्रमाणित गरेको निर्णयको प्रतिलिपि,

(घ) मन्त्रिपरिषदबाट निर्णय हुनुपर्ने पदाधकारीका हकमा मन्त्रिपरिषदको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) खण्ड (३) बमोजिमको पत्रमा सहभागी हुन जाने कार्यक्रम, अवधि, भ्रमण गर्ने देश र बाटोमा पर्ने कुनै देश भए सो को नाम समेत उल्लेख गरी पठाउनु पर्नेछ । पत्रमा उल्लिखित विदेश भ्रमणमा जाने पदाधिकारीको पूरा नाम, थर सम्बन्धित निकायबाट भएको मनोनयन सम्बन्धी निर्णयमा उल्लिखित पूरा नाम, थरसँग हुबहु मिल्नु पर्नेछ ।

(च) विदेशमा जाने कार्यक्रम सम्बन्धी विवरणमा कार्यक्रमको नाम, आयोजक र कार्यक्रम हुने मिति तथा कार्यक्रम स्थल, आदिका विषयमा स्पष्ट रुपमा पत्र तथा मनोनयन सम्बन्धी निर्णयमा खुलाईएको हुनुपर्नेछ । विदेशी सरकार, संस्था वा निकायको निमन्त्रणामा जाने व्यक्तिका हकमा उक्त कार्यक्रमको निमन्त्रणा र स्वीकृति पत्र (Confirmation Letter) समेत संलग्न हुनुपर्नेछ ।

(छ) सम्बन्धित पदाधिकारी वा व्यक्तिले यस पहिले कूटनीतिक राहदानी लिईसकेको भए सो समेत स्पष्ट रुपमा खुलाई उक्त राहदानी नवीकरण वा रद्द गर्नका लागि सक्कलै राहदानी पेश गर्नुपर्नेछ ।

१४. **राहदानी प्रयोग गर्ने सम्बन्धी** :

(१) राहदानी वाहकले नियमावली बमोजिम जारी गरिएको कूटनीतिक राहदानी वा विशेष राहदानी जुन प्रयोजनको निमित्त जारी भएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको अवधिसम्म कूटनीतिक वा विशेष राहदानी आफूसँग राख्न सक्नेछ ।

तर नेपाल सरकारको निर्णयबमोजिम सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा बाहेक त्यस्तो राहदानीको प्रयोग गर्न सकिने छैन ।

(३) नेपाल सरकारको निर्णयबमोजिम सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्ने पदाधिकारीले आफ्नो ओहोदा अनुसार जारी हुने राहदानी प्रयोग गर्नुपर्नेछ ।

१५. **नयाँ राहदानी जारी नगरिने सम्बन्धी :**

(१) एकपटक एउटा राहदानी जारी भएको अवस्थामा सो राहदानी वाहकलाई निजको नाममा रहेको राहदानी वहाल रहेको अवधिभर अर्को राहदानी जारी गरिने छैन ।

तर, देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिने छः-

(क) कूटनीतिक वा विशेष राहदानी बाहकले त्यस्तो राहदानी बाहेक साधारण राहदानी प्राप्त गर्न निवेदन दिएमा,

(ख) साधारण राहदानी बाहकले कूटनीतिक वा विशेष राहदानी प्राप्त गर्न निवेदन दिएमा,

(ग) राहदानी पूरानो भई पढ्न नसकिने भएमा वा च्यातिई झुत्रो भएमा,

(घ) राहदानीको सबै पानाहरू भरिन गई प्रवेशाज्ञा प्राप्त गर्न वा दरपीठ गर्नको लागि आवश्यक पाना राहदानीमा नभएमा,

(ङ) राहदानी हराएको सम्बन्धमा स्थानीय प्रहरी कार्यालयमा राहदानी वाहकले दिएको निवेदन र विवरण सहितको राहदानी हराएको पुष्टी हुने गरी प्रहरी कार्यालयले दिएको प्रतिवेदन सहित निवेदन पर्न आएमा,

(च) साधारण राहदानी वहाल रहने अवधि समाप्त भएमा, वा त्यस्तो राहदानी बुझाई नयाँ राहदानीको लागि निवेदन दिएमा,

(छ) नियमवलीको नियम १५ को उपनियम (१) को खण्ड (क) को आधारमा प्राप्त गरेको यात्रा अनुमतिपत्र र नियम १६ बमोजिम प्राप्त गरेको अस्थायी राहदानी पेश गरेमा ।

(२) नियमावलीको उपनियम (१) बमोजिम नयाँ राहदानी लिँदा नियमावलीको नियम ७ बमोजिमको प्रक्रिया पूरा गरेको हुनु पर्नेछ ।

१६. **राहदानीका लागि निवेदन दिने निकायः**

राहदानी वा यात्रा अनुमतिपत्रको लागि देहायका कार्यालय, नियोग, क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सकिनेछ :-

(१) कूटनीतिक राहदानी वा विशेष राहदानीको लागि कार्यालय वा नियोगमा,

(२) साधारण राहदानीको लागि कार्यालय, नियोग वा निवेदकको स्थायी ठेगाना भएको क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा,

(३) देहायको अवस्थामा देहायको कार्यविधि पूरा गरी सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा साधारण राहदानीको लागि निवेदन दिन सकिनेछ :-

(क) पति वा पत्नीको हकमा स्थायी बसोबास रहेको जिल्लास्थित जिल्ला प्रशासन कार्यालयमा वा निजले नागरिकता प्राप्त गरेको जिल्ला प्रशासन कार्यालयमा,

(ख) नागरिकता प्रमाणपत्र जारी भएको जिल्लाबाट बसाइँ सराई भई आएकाको हकमा हाल बसोबास रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयमा,

(ग) जन्मस्थान, ठेगाना र नागरिकता प्रमाणपत्र भिन्ना भिन्नै जिल्लाको भएमा नागरिकता प्रमाणपत्र जारी गर्ने जिल्लाको जिल्ला प्रशासन कार्यालयमा,

(घ) सरकारी कार्यालय तथा सरकारी संस्थामा कार्यरत कर्मचारी र निजका परिवारका हकमा निज कार्यरत कार्यालयको सिफारिसमा सोही जिल्लाका जिल्ला प्रशासन कार्यालय वा कार्यालयमा ।

**स्पष्टीकरण:** "परिवार" भन्नाले "निजसंग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अबिवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष र अबिवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।"

(ङ) विश्वविद्यालय तथा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र निजका परिवारको हकमा उक्त शिक्षण संस्थाहरुवाट सिफारिस भई आएमा निजहरु कार्यरत जिल्लाको जिल्ला प्रशासन कार्यालयमा,

(४) यात्रा अनुमतिपत्रको लागि कार्यालय वा नियोगमा।

(५) अस्थायी राहदानीको लागि नियोगमा।

१७. **राहदानीको निवेदन फाराम भर्ने तरिका:**

(क) राहदानीको लागि जुन कार्यालयमा निवेदन पेश गरिएको हो सो कार्यालयको नाम उल्लेख गर्नुपर्नेछ।

(ख) राहदानी अङ्ग्रेजी भाषामा तयार गरिने हुनाले राहदानी माग गर्ने निवेदकले सकेसम्म तोकिएबमोजिमको फाराम अङ्ग्रेजी भाषामा टाइप गरी पेश गर्नु पर्नेछ। टाइप गर्न संभव नभएमा गाढा कालो मसिले बुझिने गरी फाराममा माग गरिएको सबै सूचना दिने गरी फाराम भर्नु पर्नेछ। फाराम भर्दा एक कोठा भित्र एक अक्षर मात्र पर्ने गरी सफा र शुद्धसँग अङ्ग्रेजी ठूलो अक्षरमा भर्नुपर्नेछ। यदि स्पेस दिनु परेमा सो को लागि एक कोठा खाली छाड्नुपर्नेछ।

(ग) निवेदकको नाम, थर तथा ठेगानालाई अङ्ग्रेजी भाषामा लेख्दा हिज्जे फरक पर्न सक्ने हुँदा पूरानो राहदानी भएमा सो अनुसार र शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित हिज्जेलाई ध्यान दिनुपर्नेछ।

(घ) राहदानीको निवेदन फाराममा १९ खण्डहरु रहेका छन्। ती खण्डहरुलाई निम्नानुसार क्रमैसँग कुनैपनि खण्ड नछोडी भर्नुपर्नेछ:

(१) थर (Surname) भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर लेख्नुपर्नेछ।

(२) नाम (Given Names) भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नामको पहिलो र बीचको नाम लेख्नु पर्नेछ। उदाहरणका लागि:

पूरा नाम कृष्ण बहादुर थापा भएका निवेदकले थरमा Thapa र नाममा Krishna Bahadur लेख्नुपर्नेछ।

बिवाहित महिलाले आफ्नो माइती र पति दुवैको थर लेख्न चाहेमा त्यसो गर्न सकिनेछ। जस्तैः गीता कुमारी गौतम खनाल पूरा नाम भएकी निवेदकले थरमा Gautam Khanal र नाममा Gita Kumari लेख्नु पर्नेछ। त्यस्तोमा विवाह दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

बिवाहित महिलाले आफ्नो माइती तर्फको मात्र थर लेख्न चाहेमा त्यसो गर्न सकिनेछ। तर पति तर्फको थर राख्न चाहेमा विवाह दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(३) जन्मस्थान (Place of Birth) सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्मस्थान भर्नुपर्नेछ ।

(४) राष्ट्रियता (Nationality) सम्बन्धी खण्ड भर्दा अङ्ग्रेजीमा NEPALESE भर्नु पर्नेछ ।

(५) (क) जन्ममिति (Date of Birth) खण्ड भर्दा निवेदकले नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति बिक्रम सम्वतमा र त्यसलाई रुपान्तरण गरी इश्वी सम्वतमा समेत लेख्नु पर्नेछ । बिक्रम सम्वतबाट इश्वी सम्वतमा रुपान्तरण गर्दा ७ दिन सम्मको फरक परेमा सो को पुष्ट्याइ गर्ने प्रमाण पेश गरेमा सो बमोजिमको जन्ममिति राहदानीमा उल्लेख गर्न सकिनेछ । बिक्रम सम्वतबाट इश्वी सम्बतमा जन्ममिति रुपान्तरण गर्दा ३ दिन सम्म फरक परेमा त्यसको पुष्ट्याइ गर्ने थप प्रमाण पेश गर्नु पर्नेछैन ।

(ख) नागरिकताको प्रमाणपत्र र एस.एल.सी. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति फरक परेमा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्यता दिन सकिनेछ । त्यसका लागि निवेदकले शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल र एक प्रति प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(ग) नागरिकताको प्रमाणपत्रमा जन्म मिति उल्लेख हुँदा जन्मेको वर्ष मात्र उल्लेख भएकोमा वा यति वर्ष उमेरको भनी उल्लेख भएकोमा निवेदकले पूरा जन्ममिति उल्लेख गर्न नचाहेको प्रष्ट कारण र प्रमाण खुलाई निवेदन गरेमा बाहेक सामान्यतः वर्ष फरक नपर्ने गरी निवेदकले जानकारी गराएको महिना र गते उल्लेख गर्न सकिनेछ । त्यसरी उल्लेख गर्न नसकेको अवस्थामा नागरिकताको प्रमाणपत्र जारी भएको मितिबाट उमेर घटाइ कायम हुन आउने जन्ममितिलाई निजको जन्ममिति मानी राहदानीमा उल्लेख गरिनेछ । नागरिकताको प्रमाणपत्रमा उमेर वा जन्म वर्ष मात्र उल्लेख भएको तर निवेदकको अन्य प्रमाणपत्रमा पूरा जन्ममिति रहेको पाइएमा बर्ष फरक नपर्ने गरी सो प्रमाणपत्र अनुसारको मितिलाई “राहदानीमा” उल्लेख गर्न सकिनेछ ।

(घ) बेलायती तथा भारतीय सेनामा काम गरेका भूतपूर्व सैनिकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति र निजको पेन्सनपट्टामा उल्लिखित जन्ममितिमा फरक परेमा बढिमा १ वर्ष सम्मको लागि सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयबाट लेखी आएमा सो अनुसारको जन्ममिति कायम गर्न सकिनेछ ।

(६) लिङ्ग (Sex) खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित लिङ्ग भर्नु पर्नेछ ।

(७) नागरिकता वा अनुमति नं. (Citizenship or Permit No.) सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रको नम्बर भर्नुपर्नेछ ।

(८) जारीमिति (Date of Issue) मा नागरिकताको प्रमाणपत्र जारी भएको मिति उल्लेख गर्नुपर्नेछ ।

(९) जारी भएको स्थान (Place of Issue) मा नागरिकताको प्रमाणपत्र जारी भएको जिल्लाको नाम लेख्नुपर्नेछ ।

(१०) पूरानो राहदानी वा यात्रा अनुमतिपत्र नं (Old Passport or Travel Document No.) सम्बन्धी खण्ड भर्दा पहिले राहदानी लिएको भए उक्त राहदानीको नम्बर, पहिले एक भन्दा बढी राहदानी लिएको भएमा पछिल्लो राहदानीको नम्बर उल्लेख गर्नुपर्नेछ ।

(१०A) जारी भएको मिति (Date of issue) सम्बन्धी खण्ड भर्दा पूरानो राहदानी वा यात्रा अनुमति पत्र जारी भएको मिति उल्लेख गर्नुपर्नेछ ।

(१०B) जारी भएको स्थान (Place of Issue) सम्बन्धी खण्ड भर्दा पूरानो राहदानी वा यात्रा अनुमतिपत्र जारी भएको ठाउँ उल्लेख गर्नुपर्नेछ ।

(११) ठेगाना (Address) सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगाना भर्नुपर्नेछ । बसाइँ सराइ गरी ठेगाना परिवर्तन भएकोमा बसाइँ सराइको प्रमाणपत्र वा निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्रको प्रतिलिपि पेश गरी बसाइँ सरेको ठाउँको ठेगाना लेख्न सकिनेछ ।

(११A-E) ११A देखि E सम्मका खण्ड भर्दा निवेदकको स्थायी ठेगाना भएको जिल्ला, नगरपालिका वा गा.वि.स., वडा नम्बर, टोल वा गाउँको नाम र घर नम्बर/ब्लक नम्बर भएमा सो समेत क्रमैसँग लेख्नुपर्नेछ । घर नम्बर/ब्लक नम्बर नहुनेले घर नम्बरको ठाउँ खाली छाड्न सकिनेछ ।

(१२) इमेल (E-mail) सम्बन्धी खण्डमा निवेदकको सम्पर्क इमेल ठेगाना भएमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

(१३) फोन नं. (Phone No.) सम्बन्धी खण्डमा निवेदकको फोन नं भएमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ । आफ्नो फोन नभएमा परिवारका सदस्य वा नजिकका चिनजानका व्यक्तिको नम्बर दिन सकिने छ ।

(१४) आपत परेमा खबर गर्ने निकटतम व्यक्तिको (Next of Kin) खण्डमा निवेदक विदेशमा छँदा कुनै संकट परेमा खबर गर्न सकिने निवेदकको परिवारको सदस्य वा आफन्त वा मित्रको नाम र ठेगाना भर्नुपर्नेछ ।

(१४A-G) १४A देखि १४G सम्मका खण्डमा निवेदक विदेशमा छँदा आपत परेमा खबर गर्ने व्यक्तिको पूरा नाम थर, ठेगाना, जिल्ला, गा.वि.स./न.पा., वडा नं, टोल/गाँउ, घर नम्बर, समेत क्रमैसँग भर्नुपर्नेछ ।

(१५) नाता (Relationship) सम्बन्धी खण्डमा आपत परेको बेलामा खबर गर्नुपर्ने व्यक्तिसँग निवेदकको के नाता पर्छ सो उल्लेख गर्नुपर्नेछ ।

(१६) फोन नं.(Phone No.) सम्बन्धी खण्डमा आपत परेमा खबर गर्नुपर्ने व्यक्तिको फोन नम्बर भएमा सो लेख्नुपर्नेछ ।

(१७) इमेल (E-mail) सम्बन्धी खण्डमा आपत परेमा खबर गर्नुपर्ने व्यक्तिको इमेल भएमा सो प्रष्टसँग लेख्नुपर्नेछ ।

(१८) फारामको अन्त्यमा निवेदकको दायाँ र बायाँ बुढी औंलाको छाप प्रष्टसँग लगाउनुपर्नेछ । निवेदकको सही (Applicant's Signature) सम्बन्धी कोठामा निवेदकले पूरा हस्ताक्षर गर्नुपर्नेछ । उक्त हस्ताक्षर डिजिटल प्रविधिबाट निवेदकको राहदानीमा राख्नुपर्ने हुँदा हस्ताक्षर पूरा र प्रष्ट नभएमा निवेदक स्वयं जिम्मेवार हुनुपर्नेछ । निरक्षर भएमा हस्ताक्षर गर्नुपर्ने बक्समा × चिन्ह लगाउनु पर्नेछ ।

१८. **यात्रा अनुमतिपत्र सम्बन्धमाः** देहायको अवस्थामा कार्यालय वा विदेशस्थित नेपाली नियोगहरुले यात्रा अनुमतिपत्र जारी गर्न सक्नेछन् ।

(१) विदेशमा रहेको कुनै नेपाली नागरिकको राहदानी हराएको वा नासिएको कारणले नेपाल फर्कन असमर्थ भएको कारण र प्रमाणसहित राहदानी प्राप्त गर्नका लागि आवश्यक पर्ने प्रकृया पूरा गरी सम्बन्धित देश वा नजिकको नियोग समक्ष निवेदन दिएमा,

(२) त्यस्तो देशमा नेपालको नियोग नभएमा त्यस्तो नागरिकको परिवारको सदस्यले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिसको आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र सहित साधारण राहदानी प्राप्त गर्नका लागि अपनाउनु पर्ने सबै प्रकृया पूरा गरी कार्यालय समक्ष निवेदन दिएमा,

(३) नेपाल सरकारबाट स्वीकृती प्राप्त गरी नेपालमा रहेका शरणार्थी विदेश भ्रमणमा जानको लागि गृह मन्त्रालयको सिफारिस सहित निवेदन दिएमा,

(४) विदेशी नागरिकद्वारा नेपालको प्रचलित कानूनबमोजिम धर्मपुत्र वा धर्मपुत्री ग्रहण गरिएका नेपाली बालबालिकाको हकमा त्यस्ता धर्ममाता वा धर्मपिताको मुलुकको नियोग नेपालमा नभएमा वा त्यस्तो नियोगले यात्रा अनुमतिपत्र जारी नगर्ने भएमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सिफारिस सहित केन्द्रीय राहदानी कार्यालय समक्ष निवेदन दिएमा,

(५) खण्ड (ग) वा (घ) बमोजिम यात्रा अनुमतिपत्रका लागि सिफारिस गर्न तोकिएका अधिकारीको हस्ताक्षर नमूना कार्यालयमा पठाउनु पर्नेछ,

(६) माथि उल्लेख भए बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र वहाल रहने अवधि त्यस्तो अनुमतिपत्र जारी गर्ने अधिकारीले तोके बमोजिम हुनेछ ।

१९. **यात्रा अनुमतिपत्र दस्तूर सम्बन्धीः**

(१) कार्यालयबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्र शुल्क रु. दुई हजार लाग्नेछ ।

(२) नियोगबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्र अमेरिकी डलर ४० (चालिस) वा सो बराबरको स्थानीय मुद्रा बुझाउनु पर्नेछ ।

(३) कुनै नेपाली नागरिक विदेशमा राहदानी हराई बेखर्ची वा बेसहारा भई अलपत्र परेमा निजको तत्काल उद्धार गरी पठाउन निःशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

२०. **यात्रा अनुमतिपत्रका लागि निवेदन फाराम भर्ने सम्बन्धीः**

(१) यात्रा अनुमतिपत्रका लागि निवेदन दिँदा नियमावलीको अनुसूची १ मा तोकिएबमोजिमको फाराम भर्नुपर्नेछ ।

(२) शरणार्थीले यात्रा अनुमतिपत्रका लागि निवेदन फाराम भर्दा नेपाल सरकार गृह मन्त्रालय वा मातहतका निकायद्वारा जारी शरणार्थी परिचयपत्रमा उल्लिखित नाम, थर, जन्ममिति, जन्मस्थान, राष्ट्रियता, ठेगाना, लिङ्ग सम्बन्धी विवरण भर्नुपर्नेछ । त्यस्ता निवेदकले नागरिकता/अनुमतिपत्र नं. सम्बन्धी महलमा शरणार्थी परिचयपत्र नं तथा जारी मिति र स्थानमा त्यस्तो शरणार्थी परिचयपत्र जारी भएको मिति र स्थान उल्लेख गर्नुपर्नेछ । साथै निजले पहिले यात्रा अनुमतिपत्र लिएको भए सो को जारी मिति र स्थान दुबै खुलाउनुपर्नेछ । एकभन्दा बढी यात्रा अनुमतिपत्र लिएको भएमा पछिल्लो यात्रा अनुमतिपत्रको नम्बर र जारी मिति तथा स्थान उल्लेख गर्नुपर्नेछ ।

२१. **राहदानीको लागि नियोगमा निवेदन दिने सम्बन्धीः**

(१) विदेशमा बसोबास गरिरहेका नेपाली नागरिकले राहदानीको लागि नजिकको नेपाली नियोगमा निवेदन दिन सक्नेछन् ।

(२) दफा (१) बमोजिम प्राप्त भएका निवेदनहरुलाई नियोगले नागरिकताको प्रमाणपत्रको सक्कल वा पूरानो राहदानीसँग भिडाइ निवेदकले भरेको फाराम नियमावली तथा यस निर्देशिका बमोजिम पूर्ण, प्रष्ट र बुझिने गरी भरे नभरेको रुजू गरी, रीत नपुगेको भएमा रीत पुऱ्याउन लगाउनुपर्नेछ ।

(३) नियमबमोजिम नयाँ राहदानी लिनुपर्दा वा म्याद समाप्त नभएको हस्तलिखित राहदानी बुझाइ मेसिन रिडेवल राहदानी लिन नियोगमा निवेदन दिँदा पूरानो राहदानीको सक्कलको अतिरिक्त नियोगको सम्बन्धित अधिकारीले निवेदकको नागरिकताको सक्कल प्रति पेश गर्न लगाउन सक्नेछ । त्यस्तो अवस्थामा आवश्यक देखिएमा उक्त नागरिकताको सत्यताबारे सम्बन्धित निकायबाट यकिन भएपछि मात्र राहदानी निवेदन उपर कारवाही अगाडि बढाउन सकिनेछ ।

(४) रीतपूर्वक प्राप्त निवेदनमा नियमावलीले तोकेबमोजिमको राजश्व बुझी एक प्रति रसिद/भौचर निवेदकलाई दिने, दोस्रो प्रति निवेदन फाराम साथ संलग्न राखी कार्यालयमा पठाउने र तेस्रो प्रति नियोगको फाइल अभिलेखमा राख्नुपर्नेछ ।

(५) दफा (२), (३) र (४) तथा नियमावलीको नियम ७ बमोजिम नियोग समक्ष परेको निवेदन फाराम साथ प्राप्त कागजात छानविन गर्दा राहदानी जारी गर्न मनासिव देखेमा सो को अभिलेख राखी फाराममा उल्लिखित विवरण प्रमाणित गरी सिफारिस सहित एक प्रति सक्कल निवेदन तोकिएबमोजिमको फोटो २ प्रति तथा निवेदन फाराम साथ संलग्न कागजपत्रको प्रमाणित प्रतिलिपि कूटनीतिक थैली मार्फत कार्यालयमा पठाउनुपर्नेछ ।

(६) दफा (२) वा (५) बमोजिम प्राप्त राहदानीको निवेदन उपर छानबिन गर्दा आवश्यक कागजात प्रर्याप्त नभएकोले निवेदकलाई राहदानी जारी गर्न उपयुक्त नहुने भएमा सो को जानकारी नियोगले

निवेदकलाई निवेदन दर्ता गर्दाकै बखत दिनुपर्नेछ । निवेदन साथ आवश्यक कागजपत्र पेश नगरेको अवस्थामा निवेदकलाई चाहिने कागजपत्र पेश गर्न लगाउनुपर्नेछ ।

(७) नियोगले दफा (४) बमोजिम सिफारिस सहित निवेदन तथा कागजातहरु कार्यालयमा पठाउँदा राहदानीको लागि परेका निवेदन उपर छानविन समाप्त भएको मितिले सामान्यतया एक हप्ता भित्र पठाइसक्नु पर्नेछ । पठाउने समय तालिका नियोगमा प्राप्त निवेदन संख्या, उपलब्ध उडान तालिका समेतलाई ध्यानमा राखी नियोग स्वयंले निर्धारण गरेबमोजिम हुनेछ ।

(८) माथि उल्लेख गरेबमोजिम नियोगहरु मार्फत प्राप्त हुन आएका निवेदन उपर कार्यालयले मेशिन रिडेवल राहदानी तयार गरी कूटनीतिक थैली मार्फत सम्बन्धित नियोगमा पठाउनेछ । त्यसरी प्राप्त भएका राहदानीहरुमा नियोगको सम्बन्धित अधिकारीले जारी गर्ने अधिकारीको रुपमा आवश्यक दस्तखत गरी निवेदकलाई राहदानी जारी गरी भरपाइ फाइल संलग्न राख्नुपर्नेछ ।

(९) नियमावलीको नियम ११ को उपनियम (२) बमोजिम निवेदकले कार्यालयबाट नै राहदानी बुझिलिन चाहेमा निवेदकको पहिचान हुने विवरणको प्रतिलिपि लिई सम्बन्धित निवेदकलाई कार्यालयबाट राहदानी प्रदान गर्न सकिनेछ ।

(१०) केन्द्रीय राहदानी कार्यालय र नियोगहरु बीच नेटवर्किङ गरी विद्युतीय माध्यमबाट राहदानी निवेदन फाराम तथा अन्य सूचनाहरु संकलन गर्ने कार्य प्रारम्भ भएपछि त्यसको जानकारी सरोकारवाला सबैलाई दिइनेछ । विद्युतीय माध्यमबाट राहदानी निवेदन फाराम संकलन गर्ने सम्बन्धी कार्यविधि पछि तोकिएबमोजिम हुनेछ ।

**२२. राहदानीको लागि क्षेत्रीय प्रशासन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयहरुमा निवेदन दिने सम्बन्धीः**

(१) क्षेत्रीय प्रशासन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयहरु मार्फत राहदानीको लागि निवेदन प्राप्त हुन आएमा ती कार्यालयले निवेदकको नागरिकताको प्रमाणपत्र र पहिले राहदानी लिइसकेको भए सो समेत भिडाई तोकिएको राहदानी निवेदन फाराम पूर्ण, प्रष्ट र बुझिने गरी भरे नभरेको रुजू गरी रीत नपुगेको भएमा रीत पुऱ्याउन लगाई नियमावलीले तोकेबमोजिमको राजश्व बुझी सो को एक प्रति रसिद/भौचर निवेदकलाई दिने, दोस्रो प्रति सम्बन्धित कार्यालयको फाइलमा राख्ने र तेस्रो प्रति निवेदन फाराम साथ संलग्न गरी केन्द्रीय राहदानी कार्यालयमा पठाउनुपर्नेछ ।

(२) दफा (१) तथा नियमावलीको नियम ७ बमोजिम क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालय समक्ष परेका निवेदन फाराम साथ प्राप्त कागजात छानबिन गर्दा राहदानी जारी गर्न मनासिव देखेमा सो को अभिलेख राखी फाराममा उल्लिखित विवरण प्रमाणित गरी सिफारिस सहित एक प्रति सक्कल निवेदन, तोकिएबमोजिमको २ प्रति फोटो तथा निवेदन साथ संलग्न नागरिकताको प्रमाणपत्र र पूरानो राहदानीको एक-एक प्रति प्रमाणित प्रतिलिपि कार्यालयमा पठाउनुपर्नेछ ।

(३) क्षेत्रीय प्रशासन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयले दफा (२) बमोजिम राहदानीको निवेदन छानवीन गरी सिफारिस गर्ने अधिकारीको नाम र निजको दस्तखत नमूना कार्यालयमा पठाउनुपर्नेछ ।

(४) निवेदन साथ निवेदकले आवश्यक कागजपत्र पेश नगरेको अवस्थामा निजलाई चाहिने कागजपत्र पेश गर्न लगाउनुपर्नेछ । आफू समक्ष पर्न आएका निवेदन उपर छानविन गर्दा आवश्यक कागजपत्र

पर्याप्त नभएकोले निवेदकलाई राहदानी जारी गर्न उपयुक्त नहुने भएमा सो को जानकारी क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयले निवेदकलाई निवेदन दर्ता गर्दाकै बखत दिनुपर्नेछ ।

(५) क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयले दफा (२) बमोजिम सिफारिससहित कागजातहरु कार्यालयमा पठाउँदा राहदानीका लागि परेका निवेदनहरु उपर छानविन समाप्त भएको मितिले सामान्यतया एक हप्ताभित्र पठाइसक्नुपर्नेछ । पठाउने समय तालिका सम्बन्धित कार्यालयमा प्राप्त निवेदन संख्या, उपलब्ध यातायात साधनको तालिका समेतलाई ध्यानमा राखी तत् तत् कार्यालय स्वयंले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) माथि उल्लेख गरेबमोजिम क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयहरु मार्फत प्राप्त हुन आएका निवेदनहरु उपर कार्यालयले मेशिन रिडेल राहदानी तयार गरी वितरणको लागि सम्बन्धित कार्यालयमा पठाउनेछ । त्यसरी प्राप्त हुन आएका राहदानीहरुमा क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयको तोकिएको अधिकारीले जारी गर्ने अधिकारीको रुपमा आवश्यक दस्तखत गरी निवेदकलाई राहदानी जारी गरी भरपाइ फाइल संलग्न राख्नुपर्नेछ ।

(७) नियमावलीको नियम ११ को उपनियम (२) बमोजिम निवेदकले कार्यालयबाट नै राहदानी बुझिलिन चाहेमा निवेदकको पहिचान हुने विवरणको प्रतिलिपि लिई सम्बन्धित निवेदकलाई कार्यालयबाट राहदानी प्रदान गर्न सकिनेछ ।

(८) क्षेत्रीय प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा पेश भएका निवेदन सम्बन्धित कार्यालयले कुनै कर्मचारीको साथ लगाई वा अन्य भरपर्दो माध्यमबाट कार्यालयसम्म पठाउन सक्नेछन् ।

(९) केन्द्रीय राहदानी कार्यालय र क्षेत्रीय प्रशासन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयहरु बीच नेटवर्किङ गरी विद्युतीय माध्यमबाट राहदानी निवेदन फाराम तथा अन्य सूचनाहरु संकलन गर्ने कार्य प्रारम्भ भएपछि त्यसको जानकारी सरोकारवाला सबैलाई दिइनेछ । विद्युतीय माध्यमबाट राहदानी निवेदन फाराम संकलन गर्ने सम्बन्धी कार्यविधि पछि तोकिएबमोजिम हुनेछ ।

२३. **विदेशमा रहेका नेपाली नागरिकहरुलाई राहदानी दिने सम्बन्धी थप व्यवस्थाः**

(१) नेपाली राहदानी प्राप्त गर्न आवश्यक प्रमाणहरु (पूरानो राहदानी वा नेपाली नागरिकताको प्रमाणपत्र) भएका नेपालीहरुलाई साधारण राहदानी प्रदान गर्दा सम्बन्धित मुलुकको भिसासँग आबद्ध गरिनेछैन ।

(२) विदेशमा शरणार्थी भई वा गैरकानुनी तवरले बसोबास गरिरहेका वा जेलमा परेका वा अलपत्र परेका व्यक्तिलाई नेपाल फर्काउन राहदानी माग गरी विदेशी सरकार वा अध्यागमन कार्यालयले नियोगलाई अनुरोध गरेमा नेपाली नागरिक हो भन्ने प्रमाण भए नेपाल फर्कने प्रयोजनको लागि मात्र निश्चित अवधिको एकतर्फी यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(३) पूरानो राहदानी हराएमा सोको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको सक्कल र प्रहरी प्रतिवेदन पेश गरेमा नयाँ राहदानी प्रदान गर्न सकिनेछ । यसरी हराएको राहदानीको म्याद समाप्त भइसकेको भए निवेदकले प्रहरी प्रतिवेदन पेश गर्नुपर्नेछैन ।

(४) पूरानो राहदानी र सोको प्रतिलिपि दुवै नभएको अवस्थामा नागरिकताको सक्कलै प्रमाणपत्र सहित निवेदक नियोगमा स्वयं उपस्थित भएमा दरखास्त फाराम र नागरिकताको प्रमाणपत्रमा उल्लिखित व्यहोरा, तस्विर आदि रुजू गरी सो समेतको आधारमा नयाँ राहदानी वा यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(५) दफा ३ वा ४ बमोजिम निवेदकले पेश गरेका कागजातको सत्यता यकिन गर्नुपरेमा आवश्यक छानबिन गरी सम्बन्धित निकायबाट कागजातको सत्यता बारे यकिन भएपछि मात्र राहदानी जारी गर्न सकिनेछ ।

(६) विदेशमा बसोबास गरिरहेको नेपाली नागरिकले पूरानो राहदानी वा सोको प्रतिलिपि वा नागरिकताको प्रमाणपत्र र सोको प्रतिलिपि मध्ये कुनै पनि कागजात पेश गर्न नसकेको तर निवेदकले आफू नेपाली नागरिक हुँ भनी प्रमाण स्वरुप पेश गरेको अन्य कागजातबाट निज नेपाली नागरिक हो भन्ने नियोगलाई लागेमा निजको नागरिकताको प्रमाणपत्र र हराएको राहदानी जारी गर्ने निकायसँग अभिलेख रुजू गर्न नियोगले पत्राचार गरी जवाफ प्राप्त भएपछि व्यहोरा ठीक देखिन आएमा नयाँ राहदानी वा यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(७) नेपाली बाबुका विदेशमा जन्मेका छोरा छोरीलाई पहिलो पटक राहदानी जारी गर्दा जन्म प्रमाणपत्र (Birth Certificate) लाई मुख्य आधार मानी बाबुको नेपाली नागरिकताको प्रमाणपत्र र राहदानी प्रतिलिपि लिई नयाँ राहदानी जारी गर्न सकिनेछ ।

(८) कुनै नेपाली नागरिक अस्थायी बसोबास गरिरहेको मुलुकमा आवासीय नेपाली नियोग नभए निजले स्वयं उपस्थित भई कुनै नेपाली नियोगमा राहदानी प्राप्त गर्न आवश्यक कागजात सहित निवेदन दिएमा आवश्यक छानबिन गरी सो नियोग मार्फत त्यस्ता निवेदकलाई राहदानी जारी गर्न सकिनेछ । हुलाक मार्फत राहदानीको लागि निवेदन दिंदा सह प्रमाणिकरण भएको मुलुकको नेपाली नियोग मार्फत पेश गर्नुपर्नेछ ।

२४. **सिफारिस गर्ने अधिकृतको दस्तखत नमुना पठाउनु पर्नेः**
क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय वा नियोगबाट राहदानीको निवेदन फाराममा उल्लिखित विवरण रुजूगरी सिफारिस गर्ने अधिकृतको नाम तथा दस्तखतको नमुना एक प्रति केन्द्रीय राहदानी कार्यालयमा पठाउनुपर्नेछ ।

२५. **राहदानी रद्द गरेको सूचना गर्नुपर्नेः**

(१) नियमावलीको नियम १८ बमोजिम नयाँ राहदानी जारी गर्दा हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सोको विवरण खुलाई हराएको राहदानी रद्द गरिएको सूचना केन्द्रीय राहदानी कार्यालयले अध्यागमन विभाग, नेपाल प्रहरी, नेपाल स्थित इन्टरपोलको कार्यालय, विदेशस्थित नेपाली नियोगहरु, नेपाल सरकारको सम्बन्धित कार्यालय तथा नेपालस्थित विदेशी नियोगलाई गर्नुपर्नेछ ।

(२) कुनै नेपाली नागरिकको राहदानी विदेशमा हराई नयाँ राहदानीका लागि नियोगमा निवेदन पर्न आएकोमा त्यस्तो नियोगले हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको

हो सो विवरण खुलाई हराएको राहदानी रद्द गरिएको सूचना कार्यालय, स्थानीय अध्यागमन कार्यालय तथा विदेशी नियोगलाई दिनु पर्नेछ ।

२६. **राहदानी र यात्रा अनुमतिपत्रमा संशोधनः**

(१) राहदानी नियमावली, २०६७ बमोजिम जारी भएको मेशिन रिडेबल राहदानी वा यात्रा अनुमतिपत्रमा उल्लेख भएको विवरणमा सामान्यतया कुनै संशोधन गरिनेछैन ।

(२) उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि राहदानी वा यात्रा अनुमतिपत्रमा उल्लिखित कुनै विवरण संशोधन गर्नुपरेमा राहदानी वा यात्रा अनुमतिपत्र वाहकले सो प्रयोजनका लागि कारण खुलाई निवेदन दिनुपर्नेछ ।

(३) निवेदकले राहदानी वा यात्रा अनुमतिपत्रका लागि दिएको निवेदनमा गल्ती विवरण उल्लेख गरेको वा कुनै विवरण उल्लेख गर्न छुटाएको कारणले तयार भइसकेको राहदानीमा संशोधन गर्नुपरेमा नियमावली बमोजिम पुनः दस्तूर सहित नयाँ राहदानी वा यात्रा अनुमतिपत्रका लागि निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त भएको निवेदन छानविन गर्दा संशोधन सहित नयाँ राहदानी वा यात्रा अनुमतिपत्र जारी गर्न उपयुक्त देखिएमा राजश्व दस्तूर दाखिला गर्न लगाई नयाँ राहदानी वा यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(५) कार्यालयको त्रुटीको कारणले राहदानी संशोधन गर्नुपरेमा निवेदकले राहदानी बुझिलिएको एक महिना भित्र निवेदन गर्न आएमा सो व्यहोरा रुजु गरी कार्यालयको त्रुटीले त्यस्तो हुन गएको देखिएमा त्रुटी भएको राहदानी रद्द गरी निःशुल्क नयाँ राहदानी जारी गर्न सकिनेछ ।

२७. **अस्थायी राहदानी सम्बन्धी व्यवस्थाः**

(१) विदेशमा रहेको नेपाली राहदानी वाहकको राहदानी बहाल रहने अवधि समाप्त भएमा, राहदानी हराएमा वा नासिएमा वा झुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयाँ राहदानी बनाउनको लागि निवेदन दिएमा निजलाई मेशिन रिडेवल राहदानी जारी नहुन्जेल सम्मका लागि नियोगबाट अस्थायी राहदानी जारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको अस्थायी राहदानी जारी भएको मितिबाट सामान्यतया छ महीनासम्म बहाल रहनेछ ।

(३) अस्थायी राहदानीको ढाँचा मन्त्रालयले तोकेबमोजिम हुनेछ । राहदानी नियमावली २०६७ प्रारम्भ हुँदाका बखत तत्काल मन्त्रालयले छपाई गरी प्रयोगमा ल्याएका साधारण राहदानी मौज्दात उपलब्ध भएसम्म अस्थायी प्रयोगका लागि जारी गर्न सकिनेछ । अस्थायी राहदानीको पहिलो पृष्ठमा "TEMPORARY PASSPORT" भन्ने व्यहोराको छाप लगाउनु पर्नेछ ।

(४) निवेदकलाई नयाँ मेशिन रिडेवल राहदानी प्रदान गर्दा नियोगले अस्थायी राहदानी खिची रद्द गर्नुपर्नेछ ।

(५) अस्थायी राहदानीको लागि प्रति अस्थायी राहदानी अमेरिकी डलर २० (बीस) वा सो बराबरको स्थानीय मुद्रा राजश्व दस्तुर लाग्नेछ ।

२८. **निरीक्षण तथा सुपरिवेक्षणः** परराष्ट्र मन्त्रालय वा केन्द्रीय राहदानी कार्यालयले राहदानीको वितरण र अभिलेख व्यवस्था सम्बन्धमा कम्तिमा अधिकृतस्तरको कर्मचारीबाट वर्षको एकपटक राहदानी जारी गर्ने कार्यालयहरुको निरीक्षण तथा सुपरिवेक्षण गर्न/गराउन सक्नेछ । सुपरिवेक्षकले निर्धारित ढाँचामा निरीक्षण तथा सुपरिवेक्षण गरी मन्त्रालय तथा केन्द्रीय राहदानी कार्यालय समक्ष आफ्नो प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२९. **बाधा अड्काउ फुकाउः** यस निर्देशिका बमोजिम कार्य सम्पादन गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा त्यसको अन्तिम निर्णय मन्त्रालयले गर्नेछ ।

३०. **खारेजी र बचाउः**

(१) राहदानी निर्देशिका, २०६० खारेज गरिएको छ ।

(२) उक्त निर्देशिका बमोजिम भए गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

अनुसूची १

(दफा ६ सँग सम्बन्धित)

च.नं. ⁄ राह ⁄

मितिः २०६...../...../......

श्री जिल्ला प्रशासन कार्यालय ⁄ इलाका प्रशासन शाखा
..................................

विषय : नागरिकताको प्रमाणपत्रको आधिकारिकता तथा फोटो प्रमाणित गरिदिने बारे ।

निम्न लिखित व्यक्तिले आफूलाई नयाँ राहदानी आवश्यक परेको ब्यहोरा जनाई यस मन्त्रालयमा निवेदन पेश गर्नुभएको छ । त्यस कार्यालयबाट प्राप्त गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी तल उल्लेख भएबमोजिमको विवरण तहाँको अभिलेखसँग रुजु गरी त्यसको आधिकारिकता बारे फोटोसमेत प्रमाणित गरी यथाशीघ्र जवाफ पठाइदिने ब्यवस्था हुन अनुरोध छ ।

साथै, निजले तहाँबाट राहदानी लिए नलिएको जानकारी र राहदानी लिएको भएमा सोको विवरण समेत उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

१. राहदानीका लागि निवेदन गर्ने व्यक्तिको नाम, थर :.........................
२. जन्म मितिः.........................................................................
३. नागरिकताको प्रमाणपत्र नं.:......................................................
४. जारी मितिः.........................................................................
५. प्रतिलिपि नागरिकता जारी मितिः...............................................
६. प्रतिलिपि लिएको पटक (पहिलो, दोस्रो, तेस्रो, चौथो):.........................
७. स्थायी ठेगानाः....................................................................
८. वावु ⁄ आमा वा पति ⁄ पत्नीको नाम थरः.........................................
९. जारी गर्ने अधिकृतको नाम थरः..................................................
१०. यसअघि राहदानी लिए ⁄ नलिएकोः............................................
११. लिएको भए यसअघि जारी गरेको राहदानी नं.:..............................
१२. राहदानी जारी मितिः............................................................

....................
कन्सुलर अधिकृत

**अनुसूची-२**
दफा ११(३)

श्री परराष्ट्र मन्त्रालय
केन्द्रीय राहदानी कार्यालय
नारायणहिटी ।

मितिः ......................

विषयः राहदानी तथा भिसाको लागि सिफारिस ।

.................................... को मिति ...............को ............स्तरीय निर्णयअनुसार यस ................. का श्री/श्रीमती/सुश्री.................... लाई....................................... कार्यक्रममा भाग लिन मनोनयन गरिएकोले राहदानी नियमावली, २०६७ अनुसार कूटनीतिक/विशेष राहदानी जारी हुन तथा देहायका मुलुकको लागि भिसाको सिफारिश हुन तपसिलमा उल्लिखित प्रमाणित कागजात सहित अनुरोध गरिन्छ ।

**तपसिल**

(१) उम्मेदवारको नामः ................................................
(अङ्ग्रेजी ठूलो अक्षरमा)
(२) कार्यक्रमको नामः..................................................
(अङ्ग्रेजीमा)
(३) भ्रमण गर्ने मुलुकः..................................................

(४) बाटोमा पर्ने मुलुकः................................................

५) कार्यक्रमको अवधि (अङ्ग्रेजीमा) मिति ............. देखि ................ सम्म

(६) अवकाश हुने/पदावधि सकिने अवधि : वि.सं......................सन् ....................

**संलग्न**

१) रीतपूर्वक भरिएको राहदानीको फाराम
२) मनोनयन निर्णयको प्रमाणित प्रतिलिपि
३) निमन्त्रणा वा स्वीकृत पत्र
४) नागरिकताको प्रतिलिपि वा ना.प्र.नं.
५) पहिले कूटनीतिक/विशेष राहदानी लिएको भए सो को सक्कलै प्रति

(.................................)
अधिकृतको नाम दर्जा र दस्तखत

***द्रष्टव्यः*** *(१) एउटै कार्यक्रममा एकभन्दा बढी पदाधिकारीको मनोनयन भएमा माथि उल्लिखित सि.नं. १-६ सम्मको विवरण तथा संलग्न हुनुपर्ने कागजात अलग-अलग पानामा उल्लेख गर्नुपर्नेछ ।*
*(२) राहदानी तथा भिसाको सिफारिश पत्रमा परराष्ट्र मन्त्रालयमा Specimen पठाइएका अधिकृतको दस्तखत हुनु पर्नेछ ।*

लालमोहर र प्रकाशन मिति
२०२४।६।११

२०२४ सालको ऐन नं २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षीणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

**राहदानी सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना: विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१) यस ऐनको नाम राहदानी ऐन,"२०२४" रहेको छ ।

२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि नेपाली नागरिकहरुलाई लागू हुनेछ ।

३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः यस ऐनमा राहदानी भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरु त्था समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनुपर्छ ।

३. राहदानी लिनुपर्ने : विदेशयात्रामा जाँदा नेपाली नागरिकले आफ्नो नाममा जारी भै वहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ ।

तर नेपाल सरकार र कुनै विदेशी सरकारको बीच भएको सन्धिसम्झौतानुसार कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी लिन नपर्ने व्यवस्था भएमा त्यस्तो देशको भ्रमण निमित्त राहदानी लिनुपर्नेछैन ।

४. राहदानी जारी गर्ने अधिकारः नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट अधिकार प्राप्त भएका विदेशस्थित शाही नेपाली राजदूतावास वा अन्य नियोगले मात्र राहदानी जारी गर्न सक्नेछ ।
तर-

(१) राहदानी जारी गर्ने अधिकारीले कुनै कारण देखाई वा नदेखाई कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्न सक्नेछ ।

(२) नेपाल सरकारले कुनै कारण देखाई वा नदेखाई कुनै समय पनि जारी भैसकेको राहदानीलाई खिच्न वा रद्ध गर्न सक्नेछ, र

(३) राहदानी बमोजिम विदेश भ्रमण गरिरहेका व्यक्ति जहाँसुकै रहेबसेका भए तापनि तत्सम्बन्धमा नेपाल सरकारले दिएको आदेश वा निर्देश पालन गर्नु निजको कर्तव्य हुनेछ ।

५. दण्ड सजायः कसैले झुट्टा बयान वा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरीत विदेशको भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालन नगरेमा वा जुन उद्देश्यका लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यका लागि राहदानीको प्रयोग गरेमा वा आफ्नो नाउँको राहदानी अरुलाई प्रयोग गर्न दिएमा वा अर्काको राहदानी प्रयोग गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप अन्य कुनै कामकारवाही गरेमा निजलाई एक बर्षसम्म कैद वा पाँचसय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

६. नेपाल सरकार वादी हुने :

१) दफा ५ अन्तर्गत दण्डसजाय हुने कसुरको अभियोगमा चलाइने मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा अदालतमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरीबाट दायर हुनेछ ।

२) कसैले दफा ५ अन्तर्गत सजाय हुने अपराध गरेको छ वा गर्ने उद्योग गरेको छ भन्ने शंका गर्नुपर्ने मनासिव माफिकको कारण भएमा जुनसुकै प्रहरीले त्यस्ता व्यक्तिलाई विनावरेन्ट गिरफ्तार गरी कारवाहीका लागि आफ्नो अधिकारीमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरी समक्ष पेश गर्नेछ ।

७. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरु र खास गरेर देहायका विषयमा व्यवस्था गर्न सकिनेछ :

(क) विभिन्न कामका लागि जारी गरिने राहदानीको वर्गीकरण तथा राहदानी सम्बन्धी सर्तहरु,

(ख) राहदानी बापत लाग्ने दस्तुर,

(ग) राहदानीको नवीकरण र तत्सम्बन्धी दस्तुर,

(घ) अन्य आवश्यक कुराहरु ।